सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

Shubham Sandesh

# शुभम सन्देश

National DAILY दैनिक

वर्षः ५ अंक ३२५ २०८१ साल, साउन २४ गते विहिवार thrus DAY 8 Aug, 2024 मूल्य रु. ५/- पृष्ठ : ४


## नकली प्रहरी बनेर रकम असुल्ने युवक रौतहटमा पक्राउ

**रौतहट,२३ साउन ।** केही दिन देखि नकली प्रहरी बनेर व्यपारी र आम नागारिक संग धाक धम्की लगाई प्रहरीको नाममा पैसा उठाउदै आएका एक युवकलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा रौतहट जिल्ला माधवनारायण नगरपालिका १ का २४ वर्षीय रमेश साह रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

प्रहरीले दिएको जानकारी अनुसार, साहले सर्वसाधारणसँग रकम असुल गर्न खोज्नुका साथै विभिन्न व्यक्तिहरूको जिउ खानतलासी समेत गर्दै थिए। यस सम्बन्धी सूचनाको आधारमा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटबाट खटिएको प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको छ।



पक्राउ परेका साहको झोलाबाट सशस्त्र प्रहरी बलको तयारी हालतमा रहेको पोसाक समेत बरामद भएको छ। प्रहरी स्रोतका अनुसार, साहमाथि अभद्र व्यवहार मुद्दा शिर्षकमा थप अनुसन्धान भइरहेको छ। यस्ता व्यक्ति बाट जोगिनका लागि प्रहरीले सर्वसाधारणलाई सचेत रहन र यस प्रकारका व्यक्तिहरूको गतिविधि देखेमा तुरुन्तै प्रहरीलाई जानकारी दिन अनुरोध गरेको छ।

## थारु समुदाय सम्बद्ध सम्पदाहरुको संरक्षण गर्ने मन्त्री

**विरगंज,२३ साउन ।** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले ३० औं विश्व आदिवासी दिवसको सन्दर्भमा थारु समुदाय सम्बद्ध सम्पदाहरुको अध्ययन प्रतिवेदन सार्वजनिककरण कार्यक्रममा थारु आयोग एक संवैधानिक आयोग रहेको बताएका छन्। मन्त्री गुप्ताले यो आयोगको काम कर्तव्य तथा अधिकार विभिन्न ऐन नियम बमोजिम हुने कुरा बताउनु भएको छ। नेपालको पूर्वको झापादेखि पश्चिमको कञ्चनपुर जिल्लासम्म तराईको समथर भूभागमा मूलबासीको रुपमा रहेका १८ लाख भन्दा बढी जनसंख्या रहेको थारु समुदायको हकहित, अधिकार, संरक्षण, सम्वर्द्धन एवम् विकासका लागि आयोगले यस मन्त्रालय मार्फत नेपाल सरकारलाई सिफारिस तथा सुझाव दिने कार्य समेत गर्दै आइरहेको कुरामा म स्पष्ट रहेको उहाँले बताउनु भएको छ।

थारु आयोगले आयोजना गरेको ३० औं विश्व आदिवासी दिवसको



कार्यक्रममा यस आयोगले ७ वटै प्रदेश भित्र पर्ने थारु समुदाय सम्बद्ध सम्पदाहरुको अध्ययन खोज अनुसन्धान गरी संगालोको रुपमा प्रतिवेदन प्रकाशन गरेकोमा आफूलाई खुसी लागेको पनि उहाँले बताउनु छ। मन्त्री गुप्ताले विश्वास छ यो प्रतिवेदन आम थारु समुदाय लगायतको लागि अध्ययन अनुसन्धानकर्ताहरुको लागि अवश्य पनि ढोका खोल्नेछ भने आफू विश्वस्त रहेको बताएका छन्।सम्पदा मुलुकका अमूल्य नीधि र यसले भावी पुस्तालाई आफ्ना पुर्खाहरुको बारेमा बुझ्न मदत गर्दछ र संस्कृतिबाट संस्कारिता हुन् सम्पदा चाहिन्छ भने बताउनु भयो। हाल जनसंख्या बढ्दै गयो गाउँ बस्ती बढ्दै गए र हिजोका सार्वजनिक सम्पदाहरु हराउन लागेको छ। थारु आयोगले थारु सम्पदाहरुको खोजी गरी आफ्ना पुर्खाहरुको सम्पदाहरुको संरक्षण गर्ने जमर्कोका साथ यी सम्पदाहरुको संगालो तयार गरेकोमा मन्त्री गुप्ताले आभार प्रकट गरे।थारु समुदाय सम्बद्ध सम्पदाको खोजबिन गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरू संरचना र सम्वर्द्धन गरी थारु समुदायको इतिहास र संस्कृतिको पहिचान हकहितको संर

*बाँकी तेस्रो पृष्ठमा........*

## बांगलादेशी हिन्दूमाथि भएको आक्रमणप्रति पर्साका हिन्दु समाजले गराए सिडिओको ध्यानाकर्षण

**वीरगञ्ज,२३ साउन ।** बंगलादेशमा हिन्दु समुदायमाथि भइरहेको आक्रमणप्रति पर्साका हिन्दु धर्मावलम्बीहरुले आपत्ती जनाएका छन्। बंगलादेशमा आरक्षण व्यवस्थाको विरोध प्रदर्शन उग्र भएसागै प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिएपछि इस्लामिक जिहादी समूहद्वारा हिन्दुमाथि आक्रमण भइरहेको प्रति पर्साका धार्मिक संगठनको ध्यानाकर्षण भएको छ। मानवता विरोधी घटना प्रति आपत्ती जनाउँदै वीरगञ्जका विभिन्न धार्मिक संघ संस्थाहरुले जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालालाई ध्यानाकर्षण पत्र बुझाएका छन्। हिन्दु धर्मले हिंसा, भेदभाव वा कट्टरता जस्ता कृत्यलाई कहिले पनि प्रश्रय नदिएको स्पष्ट पार्दै हिन्दु परिषद् नेपालका अध्यक्ष सञ्जय सर्राफले मानवता विरोधी जिहादी तत्वहरूको हिंसात्मक कदमलाई रोक्नुपर्नेमा जोड दिए। मुस्लिम



समुदायका व्यक्तिहरूले हिन्दू नेता, क्रिकेटर, व्यापारी तथा आम बांगलादेशी हिन्दू समाजमाथि बर्बरतापूर्ण आक्रमण गर्दै हिन्दू मठ मन्दिर समेतलाई निशाना बनाएको आरएसएसका प्रवक्ता रन्जित सर्राफले बताए। यस घटनाले समस्त सनातन हिन्दू समाजलाई आहत एवं आक्रोशित बनाएको उनको टिप्पणी छ।

सो अवसरमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक कुमोद ढुंगेल, माईस्थान रथ यात्रा समितिका अध्यक्ष देवानन्द गुप्ता, सन्तोष गुप्ता, पवन गुप्ता, रन्जित गुप्ता लगायत उल्लेख्यको उपस्थिती रहेको थियो।

## मधेसमा भ्रष्टाचार गर्न मन्त्रीको संख्या बढाइयोः आजपा

**बारा,२३ साउन ।** मधेस प्रदेशमा मन्त्रीहरूको संख्या बढ्दै गर्दा सरकारको आलोचना बढेको छ। मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले मन्त्रीहरूको संख्या २० पुऱ्याएका छन् र अझै थप्ने योजनामा छन्। मधेस प्रदेशमा आठवटा जिल्ला मात्र छन्, तर त्यहाा १२ वटा मन्त्रालय र २० जना मन्त्री भएका छन्। सर्वसाधारण नागरिक, बुद्धिजीवी, राजनीतिक दल, पेसा व्यवसायी लगायतका व्यक्तिहरूले सरकारले यति धेरै मन्त्री किन बनाएको भन्दै आलोचना गरिरहेका छन्। प्रभु साह नेतृत्वको आम जनता पार्टी मधेस प्रदेश कमिटीले सानो भूगोलको प्रदेशमा १२ मन्त्रालय र २० मन्त्रीको आवश्यकता किन परेको हो भनेर प्रश्न उठाएको छ। आजपा मधेस प्रदेशका अध्यक्ष उमेश कुशवाहाले सानो प्रदेशमा यति ठूलो मन्त्रीमण्डल गठन आवश्यक हो कि मधेसको विकास बजेट लुट्ने प्रपञ्च हो भन्दै प्रश्न गरेका छन्। कुशवाहाले भने, "देशमा सुशासन, विकास र स्थायित्वका लागि एमाले र कांग्रेस गठबन्धन बनेको बताइरहादा मधेस प्रदेशमा ठिक उल्टो २० सदस्यीय मन्त्रीमण्डल विस्तार भएको छ। देशको सबैभन्दा सानो प्रदेशमा यति ठूलो मन्त्रीमण्डलको गठन आवश्यकता हो कि मधेसको विकास बजेट लुट्ने प्रपञ्च हो ?सिके राउतसाग प्रश्न गर्दै कुशवाहाले भने, "आठ वटा जिल्ला मात्र भएको प्रदेशमा २० वटा मन्त्रीको रेकर्डले के मधेसको नाम बढाउनेछ कि बदनाम गर्नेछ ? आज मधेसमा दलित र गरिबहरूको घर बनेको पैसा सरकारले दिन सकेको छैन, विद्यार्थीको अनुपात शिक्षक छैन, शिक्षा र



स्वास्थ्यको स्तर खस्किरहेको छ, उद्योग व्यापार चौपट छ, युवाले रोजगार पाएको छैन, सिंगै मधेस मानव विकास सूचकांकमा पछाडि छ। यस्तो अवस्थामा अनावश्यक मन्त्रीमण्डल विस्तार कुनै पनि हिसाबले सही छैन। कुशवाहाले सत्तारुढ गठबन्धनमा रहेका पार्टी र नेताहरूलाई भ्रष्टाचारमा लिप्त रहेको र भागबण्डाको आधारमा कमाउने धन्दामा लागेको आरोप लगाए। उनले गठबन्धनका नेताहरूले समयमा ध्यान नदिए जनता चुप लागेर नबस्ने चेतावनी दिए।

## अनलाइनमार्फत ठगी गर्ने ९ जना पक्राउ

**हेटौडा,२३ साउन ।** मकवानपुरको हेटौडाबाट अनलाइनमार्फत ठगी गर्ने ९ जनालाई प्रहरीले पक्राउ गरेको छ। हेटौडा-४ स्थित पारिजात पथमा रहेको प्रमोद वाग्लेको घरको पाँचौ तला भाडामा लिएर अनलाइनमार्फत ठगी गर्ने ९ जनाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ

साउन २१ गते साझ ६ बजेको समयमा वाग्लेको घरको पाचौ तलाको ^ ल्याट भाडामा लिई मेडि असिष्ट नामको कम्पनी मार्फत अनलाइन ठगीको कारोबार भइरहेको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख सीताराम रिजालले जानकारी दिए।

उनका अनुसार पक्राउ पर्नेहरूमा सबै भारतीय नागरिक रहेका छन्। पक्राउ पर्नेहरूमा भारत पटना थाना आलमगंज वडा नम्बर-५७ बस्ने वर्ष २८ को नवनित कुमार, भारत स्वाग कोल्लिएरी, बोकरो झारखण्ड बस्ने वर्ष २७ को शाहरुख खान, भारत करवा बलराम अरवल करपी बिहार बस्ने वर्ष २९ को कुन्दन कुमार, भारत कृष्ण कालोनि छोटी मुखानी हल्द्वानी नैनिताल उत्तराखण्ड बस्ने वर्ष २६ को आशिष कडवोला, भारत काजु बागाना रोड सुन्दर नगर, हेहल राची झारखण्ड बस्ने वर्ष ३४ को विशाल कक्कड, भारत केशवनगर पहाडी टोल रातु रोड रांची झारखण्ड बस्ने वर्ष ३८ को लोकेशकुमार दुबे, भारत लोवर वर्दवान कम्पाउड लालपुर राची झारखण्ड बस्ने वर्ष २९ को विकासकुमार सिंह, भारत नांगलोड वेस्टी देल्ही बस्ने वर्ष २८ को अरुणकुमार, भारत बैशाली गजियावाद उत्तर प्रदेश बस्ने वर्ष ४० को कुनाल शर्मा रहेको प्रहरीले जनाएको छ।

पक्राउ परेका उनीहरूको साथबाट विभिन्न कम्पनीका ल्यापटप ७ थान, राउटर ३ थान, मोबाइल १३ थान, हार्ड डिस्क १ थान, हेडफोन ४ थान, माउस २ थान, ल्यापटपका चार्जर १८ थान, वेब क्यामेरा १ थान, मेडी एसिस्ट डाइरेक्टर लेखेको स्ट्याम्प २ थान, मेडी एसिस्ट लेखेको स्ट्याम्प २ थान बरामद भएको छ। प्रहरी उपरीक्षक रिजालका अनुसार २०८० फागुन १० गते हेटौडा उपमहानगरपालिकाको कार्यालयमा भारत पुष्प बिहार जिल्ला नयां दिल्ली स्थायी बसोबास गर्ने बिन कुमार सिंहको नाममा मेडि असिष्ट कम्पनी दर्ता गरी परामर्श सेवा प्रदान गर्ने गरी वाग्लेको घरमा ल्याट भाडामा लिई सञ्चलन गर्दै आएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ। सिंहले आन्तरिक राजश्व कार्यालय हेटौडाबाट मेडि असिष्ट कम्पनी देखाएर मानव स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्ने गरी पान नम्बर दर्ता गरिएको र उक्त कम्पनीमा १२ जना व्यक्तिहरूलाई काममा राखेको बुझिएको उनले बताए।१२ जनामध्ये ३ जना (बिनकुमार सिंह, रजत शर्मा र प्रकाश) फरार रहेको उनको भनाई छ। सो कम्पनीमा कार्यरत व्यक्तिहरूले १८ देखि ५० हजार भारतीय रुपैया नगदमा तलब बुझने गरेको खुले पनि भुक्तानीको कुनै पनि अभिलेख फेला नपरेको प्रहरी उपरीक्षक सिंहले बताए भारतको रचीस्थित हेड अफिसमा मेन सर्भर राखी क्विक कल क्लाइन्ट सफटवेयर मार्फत काम गर्ने गरेको खुल्न आएको उनले बताए। सो सफटवेयर मार्फत टार्गेट ग्रुप पहिचान गरी सम्पर्क गर्ने र सम्पूर्ण विवरण भारत ट्रान्सफर गर्ने गरिएको प्रहरी उपरीक्षक रिजालको भनाई छ। अनुसन्धानका क्रममा कम्पनीद्वारा कुनै पनि आर्थिक कारोबार कानुन बमोजिम नगरिएको र अभिलेखीकरण नभेटिएको उनले बताए। उक्त कम्पनीबाट हुने गरेको काम कार बाहीको डाटा समेत हेड अफिसको सरभरमा राखने गरेको उनको भनाई छ।

सो कम्पनीले अधिकांश रातको समयमा मात्र काम गर्ने गरेको अनुसन्धानमा खुलेको उनले बताए। पक्राउ परेका उनीहरूमाथि मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २१ को दफा २४९ को उपदफा (१), (२) विपरीत कसुर अपराध गरेको मुद्दा दायर गरी मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक रिजालले बताए। उनीहरूमाथि सोही ऐनको परिच्छेद ३ को दफा ३४ को उपदफा ३ बमोजिम दण्ड सजाय माग गरी मुद्दा दर्ता गरिएको छ।

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
National DAILY दैनिक



प्रकाशकसम्पादक: रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : डा.अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : mehtarambabu1@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरु................

-घर ,पुल तथा अन्य संरचना बनाउँदा भुकम्प प्रतिरोधी बनाऔं ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

सिम्रौगढ नगरपालिकाको
कार्यालय सिम्रौनगढ, बारा

# हसिनाले हल्लाएको लोकतन्त्र

## सम्पादपकिय............

बंगलादेशकी शक्तिशाली प्रधानमन्त्री शेख हसिना वाजेदले देश छाडेर भाग्नु परेको छ। गएको जनवरीको आमचुनाववबाट उनलाई अपार जनमत मिलेको थियो। तर त्यही जनमतको कदर गर्न नसक्दा प्रधानमन्त्रीले शासनको पूर्णकार्यकाल बिताउन पाउनु त परै देशमै बस्न सक्ने अवस्था रहेन ।

लोकतन्त्र भनेको जनमतको कदर हो, मतादेशको आडमा जनमतको अपमान र दमन होइन भन्ने सन्देश बंगलादेशमा विगत एक महिनादेखि जारी जनविद्रोहले दिएको छ। त्यसैले नै पछिल्लोपटक तेस्रोपटकका निम्ति निर्वाचित प्रधानमन्त्री वाजेदले कार्यकालको एक वर्षमात्रै पूरा गर्न नपाउादै सोमबार हेलिकोप्टर चढेर देश छाड्नु परेको हो। अब उनको इतिहास विश्वमै सबैभन्दा धेरै समय प्रधानमन्त्री भएकी महिलाको रूपमा मात्रै रहेन, निरंकुश, तानाशाही शासकको अवशानको इतिहास भएको छ। लगातार १५ वर्षदेखि शासन सत्तामा एकछत्र राज गरेकी हसिनाले महिना दिनअघि सुरु विद्यार्थी आन्दोलनलाई सम्बोधन गर्नु साटो दमन गर्दा नै देश छाड्ने परिस्थितिमा उनी पुगिन्। सरकारी जागिरमा आरक्षणाविरुद्ध भनेर देखिएको जनप्रदर्शन खासमा भित्रभित्र हसिनाविरुद्ध विकसित जनमतको विस्फोट थियो । हसिना विरोधी प्रदर्शनको आगोको अत्यधिक प्रज्ज्वलनशील इन्धन उनको निरंकुश र तानाशाही शासन र देशमा बढ्दो भ्रष्टाचार, बेरोजगारी र महागी थियो। बंगलादेशका राष्ट्रपिता शेख मुजिबुर रहमानकी छोरी हुन् हसिना । बाबुको त्यही विरासतबाट राजनीतिमा आउादा सद्भावको मत पाएकै हुन्। तर सत्ताले उनलाई भ्रष्टमात्रै बनाएर क्रूर तानाशाही नै बनायो, त्यसैले त तीन सय जनाको ज्यान जाने गरी प्रदर्शन हुादा पनि राजीनामा गर्ने वा देशलाई सम्बोधन गर्नपट्टि लागिनन्। आन्दोलन दबाउने चेष्टामात्रै गर्दाको परिणाम विद्रोह झन्झन् चर्कियो। प्रतिपक्ष दलहरूले बहिष्कार गरेको निर्वाचनलाई पनि मान्यता दिलाएरमात्रै उनी सत्तामा ढसमस्स भइनन्, सत्ताकै आडमा आफनो दल अवामी लिगका कार्यकर्तामात्रै पोस्ने र आसेपासे पुाजीवादको पालनकर्ता भइन्। आर्थिक विकासको जसलाई उनको लोकतन्त्र विरोधी चरित्र र प्रवृत्तिले छोप्या`। पत्रकार, नागरिक अगुवाहरूमाथिको धरपकड, विपक्षी आवाजमाथिको दमनले अन्तर्राष्ट्रिय छविसमेत धुमिल बनाएकी हसिनाले देश छाड्दा पनि जनताले सन्तोषको सास फेरेको देखिन्न। उनलाई कानुनको कठघरामा उभ्याउने र त्यहााको सैनिकले भनेको अन्तरिम सरकार अमान्य हुने विद्रोही अगुवाहरूको आवाज भनेको उनीहरू लोकतन्त्रकै पक्षमा रहेको द्योतक हो। केही समयअघि श्रीलंका राष्ट्रपति निवाससम्म घुसेर जनताले गरेको विद्रोहकै शैलीमा बंगलादेशमा पनि जुन आन्दोलन भयो, त्यसबाट संसारभरका शासकहरूले पाठ लिन जरुरी छ–जो कसैलाई शासनमा पुर्‍याउन सक्ने जनताले नै जस्तै तानाशाहलाई पनि क्षणभरमै सत्ताच्युत गर्न सक्छन्, लोकतन्त्रमाथि धावा बोल्ने शासकले देशै छाडेर पनि भाग्नुपर्ने हुन सक्छ।

बंगलादेशमा तत्काललाई निरंकुश तानाशाहको बहिर्गमन त भएको छ, तर लोकतन्त्र संकटमै छ । हामी भन्छौं–बंगलादेशमा छिटोभन्दा छिटो शान्तिपूर्ण, धाधलीरहित र निष्पक्ष निर्वाचन हुनुपर्छ। त्यहाा चाांडै लोकतन्त्रको पुनर्स्थापना भएर बंगलादेशी जनताले चाहेको अमनचैन, सुशासनसहित विधिको व्यवस्था चल्नुपर्छ ।

# के शिक्षकले राजनीति गर्न हुन्छ ?

**सागर घले**

**शिक्षक र राजनीतिबीचको सम्बन्ध जटिल छ ।**

नेपालको शैक्षिक परिदृश्यको जीवन्त चित्रणमा एउटा ठूलो विवादास्पद प्रश्न छः के शिक्षकहरूलाई राजनीतिमा भाग लिन अनुमति दिनुपर्छ ? यो बहसले प्रजातान्त्रिक मूल्यमान्यता, शैक्षिक अखण्डता र सामाजिक मान्यताको केन्द्रबिन्दुमा प्रहार गर्छ । नेपालमा शिक्षाविद्हरूको राजनीतिक संलग्नताका बहुआयामिक प्रभावहरू बुझ्न यस प्रवचनमा छलफल गर्नु महत्त्वपूर्ण छ ।

शिक्षक र राजनीतिबीचको सम्बन्ध जटिल छ । युवा दिमागलाई आकार दिन र भविष्यका लागि तयार पार्न शिक्षकले महत्त्वपूर्ण भूमिका खेल्छन्। यद्यपि, जब राजनीति शिक्षाको क्षेत्रमा प्रवेश गर्छ, यसले पूर्वाग्रह, अनुशासन र प्रभावको दुरुपयोगको बारेमा चिन्ता बढाउन सक्छ ।

नेपालमा शिक्षकहरूले राजनीतिमा भाग लिनुहुन्छ कि हुादैन भन्ने प्रश्न बहुआयामिक र सूक्ष्म छ। शिक्षकहरूलाई नागरिकको रूपमा राजनीतिक गतिविधिहरूमा भाग लिने अधिकार भए तापनि उनीहरूले शिक्षकको रूपमा आ` नो भूमिकालाई ध्यान दिएर निभाउन आवश्यक देखिन्छ ।

नागरिक संलग्नता र व्यावसायिक जिम्मेवारीबीच सन्तुलन कायम गरेर, शिक्षकहरूले शिक्षा प्रणालीको अखण्डतालाई कायम राख्न सक्नुपर्छ । वर्तमान गतिशीलता बुझ्नको लागि, नेपालमा शिक्षक राजनीतिको ऐतिहासिक जरा पत्ता लगाउन आवश्यक छ । सन् १९९० मा लोकतन्त्रको आगमनले शिक्षा क्षेत्रसहित राजनीतिक सक्रियताको नयाा युगको सुरुवात गर्‍यो । शिक्षकहरू, परिवर्तनको भावनाबाट प्रेरित भएर, आ` ना अधिकारहरूको वकालत गर्न र शैक्षिक नीतिहरूलाई प्रभाव पार्न आफूलाई संघहरूमा संगठित गर्न थाले। अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) (अनेरास्ववियु) एक प्रमुख शक्तिको रूपमा उभिएको थिए, जसले देशभरका शिक्षाविद्हरूको अभियानलाई अगाडि बढाएको छ ।

नेपालको इतिहास राजनीतिक उथलपुथल, संक्रमण र आन्दोलनसाग जोडिएको छ। शिक्षकहरू, ज्ञान र मार्गदर्शनका स्तम्भहरूका रूपमा सम्मानित जनमतलाई आकार दिन र परिवर्तनको वकालत गर्न निर्णायक भूमिका खेलेका छन् भने प्रजातान्त्रिक आन्दोलनदेखि सामाजिक न्याय अभियानहरूसम्म, शिक्षाविद्हरू सामाजिक रूपान्तरणलाई उत्प्रेरित गर्न अग्रभागमा रहेका छन्। नेपालका विद्यालय र विश्वविद्यालयहरू लामो समयदेखि राजनीतिमा शिक्षक र प्राध्यापकहरूको प्रत्यक्ष संलग्नताको विषय बनेका छन् र अहिले यो मुद्दा फेरि उठेको छ । अहिले बहसको केन्द्रबिन्दु शैक्षिक नीति र राजनीतिक अभिव्यक्तिको संयोजन हो । एकातिर, शिक्षकहरूलाई ज्ञान प्रदान गर्ने, आलोचनात्मक सोचलाई बढावा दिने र भावी पुस्ताहरूलाई पालनपोषण गर्ने महान् जिम्मेवारी सुम्पिएको छ । राजनीतिक तटस्थताका पक्षधरहरूले शैक्षिक वातावरणको पवित्रता कायम राख्न शिक्षकहरूले पक्षपातपूर्ण गतिविधिहरूबाट टाढा रहनुपर्ने तर्क गर्छन्। शिक्षकहरूको राजनीतिक संलग्नताका समर्थकहरूले लोकतन्त्र विविध आवाज र सक्रिय नागरिकतामा फस्टाउाछ भनी दाबी गर्छन्। जब राजनीति शिक्षाको क्षेत्रमा प्रवेश गर्छ, यसले पूर्वाग्रह, अनुशासन र प्रभावको दुरुपयोगको बारेमा चिन्ता बढाउन सक्छ। शिक्षकले शिक्षा प्रणालीको अखण्डतालाई कायम राख्न सक्नुपर्छ। शिक्षकहरू, सामुदायिक प्रभावकारहरूको रूपमा, चेतना जगाउन, सुधारको वकालत गर्न, र सीमान्तकृत आवाजहरू बढाउनको लागि एक अद्वितीय प्लेटफर्म छ। राजनीतिमा उनीहरूको संलग्नताले सामाजिक परिवर्तन र नागरिक सशक्तीकरणको लागि उत्प्रेरकको रूपमा काम गर्न सक्छ। तर, शिक्षा र राजनीतिको अन्तरसम्बन्ध चुनौतीरहित छैन। शैक्षिक संस्थाहरूमा पूर्वाग्रह, शिक्षा र विभाजनको सम्भावनाले निष्पक्षता र शैक्षिक स्वतन्त्रताको बारेमा चिन्ता बढाउाछ। शिक्षा प्रणालीको अखण्डतालाई कायम राख्न व्यक्तिगत विश्वास र व्यावसायिक जिम्मेवारीबीच सन्तुलन कायम गर्न आवश्यक छ ।

शिक्षा ऐन, २०२८ को दफा १६ ङ (५) (छ) मा ...शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य भएको पाइएमा पदबाट हटाउन सकिने कानुनी व्यवस्था छ । राजनीतिक दलसम्बन्धी ऐनमा सरकारी शिक्षक र कर्मचारी दलको सदस्य हुन नपाउने व्यवस्था छ । दुईवटा कानुनको दुईथरी विरोधाभाष व्यवस्थाको गलत फाइदा उठाउादै शिक्षकहरूले दलको सदस्यता लिने गरेका हुन्। दलहरूले पनि शिक्षकलाई सदस्यता दिने गरेका छन्। ऐनले विद्यालयका शिक्षकहरूलाई राजनीतिक पदमा बस्न प्रतिबन्ध लगाएको भए पनि शिक्षकहरूले खुलेआम कार्यकर्ता वा निर्वाचन प्रतिनिधिका रूपमा राजनीतिक गतिविधिमा संलग्न भई नियमलाई अप्रासंगिक बनाएका छन्।

पर्याप्त स्रोतसाधन, भत्ता र अवसरहरू उपलब्ध गराउने जस्ता उनीहरूको आवश्यकतालाई सम्बोधन गर्दा उनीहरूलाई पार्टी सम्बन्धको अनुचित विशेषाधिकारको प्रलोभनबाट रोक्न सकिन्छ। विद्यमान नियमावलीलाई कडाइका साथ लागू गर्नुपर्छ र सरकारले शैक्षिक संस्थाहरूलाई स्वायत्त र आत्मनिर्भर बनाउन काम गर्नुपर्छ। उदाहरणका लागि, प्रधानमन्त्री विश्वविद्यालयको कुलपति वा उपकुलपतिमा राजनीतिक नियुक्ति गर्नुपर्ने कुनै कारण छैन। यस्ता स्पष्ट रेखाहरू कोरेर लागू गर्न नसकेसम्म, व्यावसायिकता र राजनीतिबीचको स्पष्ट विभाजन धमिलो हुादै जान्छ र हाम्रा पहिलेदेखि नै बिरामी भएका शैक्षिक संस्थाहरूलाई मेट्दै जानेछ । कोही शिक्षक आ` नो बढुवा भइहाल्छ कि भनेर पनि राजनीति पार्टीमा आबद्ध हुने गरेका छन। माथिल्लो तहमा बढुवा हुने आस बोकेर राजनीतिमा लाग्ने शिक्षकहरू बढुवा हुनु या दुर्गम बस्तीदेखि सहरी क्षेत्रमा सरुवा हुन पाइहालिन्छ कि भनेर उनीहरू पार्टीको शुभचिन्तकमात्र नभई कार्यकर्ता नै भए पनि हुन तयार भएको पाइन्छ । सन् २०१२ मा भारतको बम्बई उच्च अदालतले शिक्षालाई दलीय राजनीतिबाट टाढा राख्नुपर्ने बताएको थियो। फैसलासागै अदालतले एक शिक्षकलाई राजनीतिक दलसाग आबद्धभएको आरोपमा निलम्बनसमेत गरेको छ। यो मुद्दालाई नियाल्दा के नेपालमा पनि राजनीति गर्ने शिक्षकमाथि यो हदसम्म जान सकिन्छ त ? यसरी हेर्दा हाम्रो धेरैजसो स्थान र पदमा राजनीतिक नियुक्ति हुने भएकाले भारतको उच्च अदालतले गरेको फैसला जस्तै त हामी अपेक्षा गर्न सक्दैनौं तर शिक्षकलाई यो कुराबाट सचेत भने अवश्य गर्न सकिन्छ ।शिक्षक एउटा यस्तो पेसा हो जसले हजारौं डाक्टर, वकिल, इन्जिनियर, पाइलट, राजनेता आदिजस्ता अर्को पेसा जन्माउाछ। कुनै समाजलाई मार्गदर्शन दिन शिक्षकको शिक्षणले अत्यन्तै ठूलो भूमिका खेलेको हुन्छ। शिक्षकलाई समाजले हेर्ने दृष्टिकोण अत्यन्तै सम्मानजनक हुने भएकाले शिक्षकले गरेको र दिएको अर्ती प्रायःले स्वीकार गरेका हुन्छन्। यसै कारणलाई राजनीतिक दलहरूले कमजोर पक्ष खडा गरी शिक्षकहरूलाई दलको झगडा बोक्न वाद्य बनाउाछ्न यदि यसो भएन भने बौद्धिक रूपमा शिक्षकहरूलाई दलको प्रचार गर्न प्रोत्साहन गर्छन्। शिक्षकहरू राजनीतिक दलमा संलग्न भए विद्यालयको स्तरोन्नतिमा अवरोध हुन सक्ने विभिन्न धारणहरू आउने गर्छ। नआओस् पनि कसरी नजिकबाट नियाल्ने हो भने हाल त्रिभुवन विश्वविद्यालयको स्तर खस्कनुको मुख्य एक कारण भनेकै विश्वविद्यालयभित्र हुने दलीय राजनीति हो । विद्यालयको शैक्षिक सुधारका लागि सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेकै अनिवार्य कक्षा सञ्चालन गर्नु नै हो यदि कक्षा कोठामा विद्यार्थीलाई शिक्षकविहीन राखेर शिक्षक राजनीति गर्न जान्छ भने यो कदापि स्वीकार्य हुने छैन। यस्तो कदम चाल्ने जो कोही पदको शिक्षक किन नहुन् त्यस्ता शिक्षकलाई कारबाही गरिनु पर्छ ।

राजनीति र शिक्षकबीचको सम्बन्ध स्वाभाविक रूपमा नकारात्मक छैन। शिक्षकसाग विद्यार्थीलाई समाजमा सक्रिय सहभागी बन्न प्रेरित गर्ने र सशक्त बनाउने क्षमता हुन्छ। खुला विचार, आलोचनात्मक सोच, र विविध परिप्रेक्ष्यहरूको सम्मानलाई प्रोत्साहित गरेर, शिक्षकले विद्यार्थीलाई उनीहरूको आ` नै सूचित विचारहरू विकास गर्न र राजनीतिक परिदृश्यको जटिलताहरू मार्ग पहिल्याउन गर्न मद्दत गर्छ ।

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

सिम्रौनगढ नगरपालिकाको कार्यालय बाराद्वारा जनहितमा जारी सन्देश

२०८१ साल, साउन २४ गते विहिवार
सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National
thrusday 8 Augst, 2024

**• थारु समुदाय............**

क्षण र सम्बर्द्धन गरी पुस्तकको रुपमा प्रकाशन गरेको यस प्रतिवेदन आकर्षक र खोजमूलक रहेको बताएका छन्। साथै मन्त्री गुप्ताले आफू सम्पर्क मन्त्रालयको मन्त्रीको हैसियतले संघ, प्रदेश र स्थानीयतहहरु मार्फत नेपाल सरकारलाई सिफारिस गरिने थारु समुदाय सम्बद्ध सम्पदाहरुको संरक्षण सम्बर्द्धन एवम् विकासको लागि सहयोग र समन्वय गर्ने प्रतिवद्धता जनाएका हुन् । मन्त्री गुप्ताले सम्पदाहरुको अध्ययन गरी प्रतिवेदन प्रकाशन गर्ने थारु आयोग र यसका अध्ययन अनुसन्धानकर्ता प्रति हार्दिक आभार प्रकट गर्दै साथै आयोगका अध्यक्षलगायत वहाँका सम्पूर्ण टिमप्रति समेत आभार व्यक्त गर्नु भयो ।

# शारीरिक सम्बन्ध राख्दैमा बलात्कार भन्न मिल्दैन :सर्वोच्च अदालतको व्याख्या

**काठमाडौँ,२३ साउन ।** सर्वोच्च अदालतले सबै शारीरिक सम्बन्ध करणी/बलात्कार ठहर नहुने र दोषी करार गर्न नसकिने फैसला सुनाएको छ। न्यायाधीशद्वय नहकुल सुवेदी र टेकनारायण ढुङ्गानाको संयुक्त इजलासले यस्तो फैसला सुनाएको छ।

सर्वोच्चले २०८० चैत ७ गते यो विवादमा फैसला सुनाउँदै पीडक भनिएका अभिमन्यु अहिर (यादव)लाई जबरजस्ती करणी मुद्दामा सफाइ दिएको थियो। उक्त मुद्दाको मंगलवार पूर्णपाठ सार्वजनिक गर्दै सर्वोच्चले जबरजस्ती करणी र दोषी ठहर गर्नेबारे सैद्धान्तिक व्याख्या गरेको छ। 'केवल पीडित भनिएकी व्यक्ति वा जाहेरवालाको भनाइलाई मात्र आधार मानी निजको भनाई अन्य प्रमाणबाट समर्पित भए नभएकोतर्फ उचित ध्यान पुऱ्याउन नसकिएमा जबरजस्ती करणी लगायतका सामान्यतया प्रत्यक्षदर्शी साक्षीको अभाव रहने प्रकृतिका मुद्दामा कुनै पनि व्यक्तिलाई आरोप लगाइदिए पुग्ने हुँदैन' फैसलाको पूर्णपाठमा भनिएको छ, 'यसले अभियुक्तले न्याय पाउनै नसक्ने कहालीलाग्दो अवस्था आउनसक्नेतर्फ न्यायकर्ताले सतर्कतापूर्वक विचार गर्नुपर्ने देखिन्छ ।' कसैले आफूमाथि जबरजस्ती करणी भएको वा पीडितका परिवारले जबरजस्ती करणी भएको जाहेरी दिने अनि पीडित भनिएको व्यक्तिलाई प्रभावमा पारि बयान गराएकै भरमा दोषी ठहर गर्न नसकिने सर्वोच्चको व्याख्यामा उल्लेख छ। सर्वोच्चको संयुक्त इजलासले भारतीय सर्वोच्च अदालतको व्याख्या र यसअघि सर्वोच्चबाटै कायम भएका नजिरहरूलाई समेत उल्लेख गरी यस्तो व्याख्या गरेको छ ।

वस्तुतः कुनै पनि वारदात प्रमाणबाट स्थापित हुने हो । अन्य प्रमाणको अभावमा केवल व्यक्तिको कथनबाट मात्र वारदात स्थापित हुन सक्दैन । पीडितले अदालतमा आई बकपत्र गरेमा अन्य प्रमाण हेर्नै नपर्ने भन्नु न्यायको रोहमा उचित हुँदैन,' फैसलाको पूर्णपाठमा भनिएको छ, 'अन्य प्रमाणबाट समर्थित नभएको केवल पीडित भनिएकी महिलाको भनाइलाई मात्र निर्णायक प्रमाण मानी कसुर ठहर गरेमा प्रतिवादीको फौजदारी न्यायको हक सङ्कुचित हुनसक्ने खतरातर्फ न्यायकर्ताले विचार पुऱ्याउनुपर्ने हुन्छ ।फौजदारी विधिशास्त्रले मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट पीडितको भनाई समर्थित भए नभएको निश्चय गरी सबुद प्रमाणका आधारमा पीडितको उपचार पाउने हक र प्रतिवादीको फौजदारी न्यायको हकको प्रतिस्पर्धात्मक स्वार्थकाबीच सन्तुलन ल्याउने ध्येय राखेको हुन्छ।' मानवीय मर्यादा र सामाजिक प्रतिष्ठा सबैका लागि समान रूपमा महत्त्वपूर्ण हुने भन्दै जबरजस्ती करणी जस्ता यौनजन्य अपराध पीडित महिलाको सम्मान र मानवीय मर्यादा विरुद्धको कसुर भएको र सो कसुरले निजलाई गहिरो पीडा र अपमान त दिन्छ नै झुट्टा आरोपले अभियुक्तको सम्मान र मर्यादामा पनि त्यत्तिकै आँच पुऱ्याउन सक्नेतर्फ अदालत सजग रहनुपर्ने पूर्णपाठमा भनिएको छ ।

पूर्णपाठमा भनिएको छ 'जाहेरवाला वा पीडित भनिएको व्यक्तिको कथनलाई मात्र प्रतिवादी उपरको आरोपित कसुर पुष्टि हुने आधारका रूपमा हेर्न नमिल्ने सम्बन्धमा यस अदालतबाट यसपूर्व विभिन्न मुद्दामा आफ्नो स्पष्ट दृष्टिकोण राखेको पनि पाइन्छ।' भारतीय सर्वोच्च अदालतले एक मुद्दामा पीडित महिलाको कथनका सम्बन्धमा व्यक्त 'सामान्यतया अभियोजन पक्षले पेस गरेका प्रमाणलाई शङ्कास्पद नमानी त्यसलाई विश्वास गर्नुपर्ने हुन्छ । अदालतले जबरजस्ती करणीका सबै मुद्दाहरूलाई एउटै कसीमा राखी विवेचना गर्न मिल्दैन' भनी व्याख्या गरेको कुरा समेत फैसलामा उल्लेख छ । सर्वोच्चले यसका लागि एउटा उदाहरण पनि पेस गरेको छ। पुनरावेदक/ बादी परिवर्तित नाम बिसको जाहेरीले प्रतिवादी सुवास भर समेत भएको जबरजस्ती करणी मुद्दामा "जबरजस्ती करणीको कसुरमा प्रमाणको मूल्याङ्कन गर्दा पीडितको बकपत्रलाई प्रमाणको पहिलो र प्रमुख कडी मान्नु पर्छ । तर जाहेरी दरखास्त र पीडितको भनाइलाई पीडितको शारीरिक स्वास्थ्य जाँच प्रतिवेदन तथा मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणले पुष्टि गर्नुपर्ने'' भनेको कुरा फैसलामा उल्लेख गरिएको छ।यस्तो प्रकृतिको अपराधमा न्यायको रोहमा विचार गर्दा न्याय मर्न जाने सम्भावनालाई समेत मध्यनजर गरी अत्यन्त विवेकशील भई प्रमाणको मूल्याङ्कन गरी निष्कर्षमा पुग्नुपर्ने हुन्छ ' फैसलामा भनिएको छ 'पीडितको बकपत्रलाई शङ्कारहित रूपमा शारीरिक स्वास्थ्य परीक्षण, घटना प्रकृति मुचुल्का लगायतका स्वतन्त्र प्रमाणबाट कसुर पुष्टि हुन नसकेको देखिँदा पीडितको जाहेरी दरखास्त, मौकाको कागज र बकपत्रलाई मात्र एकतर्फी यान्त्रिक तवरले प्रमाणको रूपमा ग्रहण गरी प्रतिवादीलाई सजाय गर्न नहुने देखिन्छ । यसैगरी भारतीय सर्वोच्च अदालतले एक मुद्दामा पीडित महिलाको कथनका सम्बन्धमा व्यक्त 'सामान्यतया अभियोजन पक्षले पेस गरेका प्रमाणलाई शङ्कास्पद नमानी त्यसलाई विश्वास गर्नुपर्ने हुन्छ । अदालतले जबरजस्ती करणीका सबै मुद्दाहरूलाई एउटै कसीमा राखी विवेचना गर्न मिल्दैन' भनी व्याख्या गरेको कुरा समेत फैसलामा उल्लेख छ।एकातिर जबरजस्ती करणीको अपराधले पीडितलाई अत्यन्त गहिरो पीडा र अपमान दिन्छ भने अर्कोतिर यस्तो अपराधको झुट्टा आरोपले अभियुक्तलाई पनि उत्तिकै अपमान र नोक्सान पुऱ्याउन सक्ने हुँदा त्यस्ता झुट्टा आरोपको सम्भावनाबाट अभियुक्तलाई जोगाउन अदालत हरपल सजग हुन आवश्यक देखिन्छ फैसलाको पूर्णपाठमा भनिएको छ । मुद्दाको तथ्यलाई हेर्दा प्रतिवादी अभिमन्यु अहिर (यादव) ले मौकाको बयानदेखि निरन्तर रूपमा एकै बेहोराले २०७५ (एम)लाई मन्जुरीमा नै करणी गरेको भनी जिकिर लिएको देखिएको फैसलामा उल्लेख छ। पिडित भनिएकी २०७५ (एम) सँग प्रेम सम्बन्धमा रही कलेजबाट मनकामना मन्दिरको भ्रमणमा जाँदा विवाह गरेको भनी लिएको जिकिर पेस गरेको सिन्दूर हालेको फोटोबाट पुष्टि हुन आएको देखिएको उक्त फोटोलाई २०७५ (एम) तथा जाहेरवाला २०७५ (एल) ले अन्यथा भन्न नसकेको देखियो ' फैसलाको पूर्णपाठमा भनिएको छ '२०७५ (एम)ले चिकित्सकसँग घटना विवरण बताउँदा मौकाको कागज र अदालतको बकपत्र भन्दा भिन्न र सारभूत रूपमा प्रतिवादीको बयानसँग मिल्ने गरी निजसँग भागी गएको बेहोरा लेखाएकी, प्रतिवादीले वारदातको दिन आफू विद्यालयमै रहेको सि.सि.टि.भि.बाट देखिने भनी जिकिर लिएकोमा अनुसन्धानकर्ताले सि.सि.टि. भि. को दृश्य सङ्कलन नगरेको लगायतका आधार प्रमाणबाट प्रतिवादी अभिमन्यु अहिर (यादव) र २०७५ (एम) प्रेम सम्बन्धमा रही घरबाट भागी १० (दश) दिन जति बुटवल र चितवनमा बसी घर फर्केको पुष्टि हुन्छ। तर पछि जाहेरवालाले पुनरावेदक प्रतिवादीको आर्थिक, सामाजिक हैसियत कमी भएको भन्ने आधारमा कृत्रिम वारदात देखाई जाहेरी दरखास्त दिएको र २०७५ (एम) ले समेत बाबुको दबाबमा परी प्रतिवादीउपर कसुर लाग्ने गरी बकपत्र गरेको सर्वोच्चको ठहर छ ।यो विवाद २०७५ सालदेखि सुरु भएको थियो । जिल्ला अदालत नवलपरासीले यादवलाई आठ वर्ष कैद अनि २५ हजार जरिवाना सुनाएको थियो । त्यस विरुद्ध यादव र सरकार दुवै उच्च अदालत पुगे। उच्च अदालत तुल्सिपुरको बुटवल इजलासले पनि २०७७ जेठ १५ मा जिल्लाको फैसला सदर गऱ्यो भने त्यस विरुद्ध यादव परिवार सर्वोच्च पुग्यो । सर्वोच्चले २०८० चैत ७ गते सबै अभियोगबाट सफाइ पाउने फैसला सुनायो । घटना २०७५ सालको थियो ।नवलपरासीको प्रतापपुरको त्रिभुवन उच्च माध्यमिक विद्यालयमा अध्ययनरत २२ वर्षका अभिमन्यु अहिर (यादव) र सोही विद्यालयमा अध्ययनरत वर्ष १७ कि नाम परिवर्तित २०७५ (एम) प्रेम सम्बन्ध हुन्छ । उनीहरू सहमतिमा विभिन्न स्थानमा शारीरिक सम्बन्ध पनि राख्छन्। यही बिचमा उनीहरूले घरमा नभनी मनकामना घुम्न जान्छन्। दुवैले सल्लाह गरी मन्दिरमै सिन्दूर हाल्छन् र फोटो खिचाउँछन् । उनीहरू केही दिन बुटवल घुमेर घर फर्कन्छन् । यता छोरी हराएपछि परिवार खोजीमा लाग्छ । खोजी गर्दा गाउँमै एउटै विद्यालयमा अध्ययनरत यादवसँग भागेको जानकारी प्राप्त हुन्छ । लगत्तै बाबुले नाबालक छोरीलाई फराएर अभिमन्यु यादवले राम्रो काम लगाई दिन्छु भनी फकाई खजुरा खोलाको पुलमा लगेर जबरजस्ती करणी गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए ।

# जनकपुरधाममा मन्त्रिपरिषद् विस्तारको विरूद्धमा कुर्सी जुलुस



**जनकपुर, २३ साउन ।मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले मंगलबार गरेको मन्त्रिपरिषद् विस्तारको विरूद्धमा जनकपुरधाममा कुर्सी जुलुस निकालिएको छ । जनता समाजवादी पार्टी (जसपा) नेपाल निकट समाजवादी युवा संघ र विद्यार्थी युनियन नेपालले संयुक्त रूपमा मन्त्रिपरिषद् विस्तारको विरूद्धमा मधेस सरकारविरूद्ध कुर्सी जुलुस निकालेका हुन्। कुर्सी हातमा बोकेर जनकपुरधामको विभिन्न चोकको परिक्रममा गर्दै मुख्यमन्त्री सिंहविरुद्ध नाराबाजी गरेका छन् । मुख्यमन्त्री सिंहले ५ जना थप राज्यमन्त्री थपेर राज्य र जनतामाथि भार थपेको प्रदर्शनकारीहरुको ठहर छ । उनीहरुले मुख्यमन्त्री सिंहलाई नैतिकताको आधारमा राजीनामा दिन माग गरेका छन्।**

# जनकपुरधाममा झुलनोत्सव सुरु



जनकपुर लगायत मिथिलाको बिभिन्न ठाउँमा बुधबारदेखि झुलनोत्सव सुरु भएको छ। साउन शुक्ल तृतीयाबाट सुरु भई झुल्नोत्सव पूर्णिमासम्म चल्ने छ ।विशेष गरीमा झुलनोत्सवमा भगवान सीताराम र राधाकृष्णलाई बुधबार साँझदेखि झुलामा झुलाइने परम्परा रहँदै आएको जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णवले जानकारी दिए। यसका लागि जानकी मन्दिरबाट विभिन्न देवीदेवताको प्रतिमा रहेका प्रत्येक मठमन्दिरमा विशेष किसिमका सिंहासन निर्माण गरी सजाइएको गद्दीमा देवीदेवताको प्रतिमा राखी झुलाउने परम्परा रहेको उनले बताए । यस उत्सवमा जनकपुरधामका मन्दिरबीच उत्सवभर रोचक प्रतिस्पर्धा हुने गर्दछ

एकातर्फ भगवान राम जानकीलाई झुलामा राखी झुलाइने गरिन्छ भने अर्कोतर्फ नाटक, नाचगान, भजनकीर्तन र लोक कथा सुनाइने परम्परा रहेको छ। रत्नसागर मन्दिरको झुलानाच सबैभन्दा बढी प्रसिद्ध रहेको छ। झुला र नाच हेर्न मन्दिरमा भक्तजनको साँझ पर्नेबित्तिकै घुइँचो लाग्ने गरिन्छ। जानकी मन्दिरमा हरेक साँझ मिथिलाको लोक गीत झुला र कजरी गाइने गरिन्छ । जनकपुरधारममा झुला उत्सवको प्रारम्भ जानकी मन्दिरका आदी महन्त सुरकिशोर दास वैष्णवले गराएको देखिन्छ। "सुरकिशोरको आगमनको समय सन् १७३० लाई मानिन्छ । त्यस समयमा जनकपुरधाममा विभिन्न मन्दिरको स्थापना भई विभिन्न उत्सवहरुको सुरुवात भएको थियो । सुरकिशोरले माता जानकीलाई पुत्री मान्दथे । वहाँले कहिलेकाहीँ जानकीसँग कुराकानी गर्ने गरेको र माता जानकीको सल्लाहमा आदी महन्त सुरुकिशोरले यस उत्सवको प्रारम्भ गरेको धार्मिक विश्वास रहेको छ", जानकी मन्दिरका उत्तराधिकारी वैष्णवले बताए ।

सन्त सम्प्रदायको गढ मानिने अयोध्याधाम र कृष्ण सम्प्रदायको गढ मानिने बृन्दावनबाट झुलाको परम्परा जनकपुरधाममा आएको छ । साधुसन्त खुल्ला चौर वा कुनै रुखको छहारीमुनि बास बसेर पनि आफ्नो झोलामा श्रद्धाका साथ ल्याएका शालिग्रामलाई आसनमा राखी झुलाउने गर्दछन्। झुलाको आकर्षण मिथिलाञ्चलमा धानको रोपाइँ समाप्त हुनासाथ सुरु हुन्छ। यस क्रममा हरेक मठमन्दिरमा कजरी र मलार जस्ता धार्मिक महत्व झल्किने गीत कर्णप्रिय आवाजमा सुनिन्छन् ।

झुल्नोत्सवमा युवती सबै झुलाको गीत गाउने र भगवानको पूजाअर्चना गरेपछि श्रद्धालु भक्तजनलाई फूलपाती पञ्चामृत र नैवेद्य बाँड्ने परम्परा रहेको संस्कृतिका जानकार डा.राजेन्द्र विमलले बताए । मिथिलाञ्चलको मठमन्दिरमा साउन महिनाभर झुलन लोकोत्सव हर्षोल्लासका साथ मनाउँदै साउन शुक्ल पूर्णिमाको राति १२ बजे झुलनोत्सव डोरी काटेर विधिवत् रुपमा सम्पन्न गरिँदै आइएको उहाँले जानकारी दिए । जनकपुरधामसहित मिथिला क्षेत्रको हरेक मठमन्दिरमा झुला उत्सव मनाउने परम्परा रहे पनि जानकी मन्दिर र राममन्दिरको झुला विशेष आकर्षणको केन्द्रविन्दु रहँदै आएको संस्कृतिका जानकार रोशन जनकपुरीले बताए । उनका अनुसार जानकी मन्दिरमा विशेष किसिमका तीन वटा सिंहासनमा सीता र रामको मूर्ति राखेर झुलामा झुलाइने धार्मिक परम्परा रहँदै आएको छ । "जनश्रुतिअनुसार सीताको माइतीमा दाइजोका रुपमा प्राप्त मणि महलमा राख्ने ठाउँ नपाई बाहिर राख्दा पहाड भएको थियो । त्यसैको स्मृतिस्वरुप झुला उत्सवको प्रारम्भमा मणिपर्वत मनाउने परम्परा छ", जनकपुरीले भने । त्रेतायुगमा भगवान् राम र सीताको शुभविवाहको उपलक्ष्यमा मिथिलाका विदेह राजा शिरध्वज जनकले अयोध्यावासीलाई उपहार स्वरुप दिएको सुनचाँदी तथा मणिको भार मिथिलाको राजधानी जनकपुरधामको रंगभूमि मैदानमा थुपारिएको रामायण तथा धार्मिक ग्रन्थमा उल्लेख भएअनुसार यो पर्व प्राचीन समयदेखि मनाइँदै आएको धार्मिक विश्वास छ ।

सत्य तथ्य र निष्पक्ष सामाचारका लागि शुभम सन्देश राष्ट्रिय दैनिक खोजी खोजी पढौं ।

शुभम सन्देश National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# ६११ केजी गांजासहित २ भारतीय पक्राउ



**महोत्तरी साउन, २३ ।** महोत्तरी प्रहरीले ६११ केजी गांजासहित दुई जना भारतीयलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत माातिहारी ग्राम पञ्चायतका २५ वर्षीय गुड्डु कुमार यादव र २९ वर्षीय मनिषकुमार गिरी रहेका छन्।

उनीहरुलाई एक ट्रकबाट अर्को ट्रकमा गांजा पल्टिरहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको छ। बा.प्र.०३, ००१ ख २८३२ नम्बरको मिनी ट्रकबाट सो परिमाणको गांजा बीआर३०जी ७०४३ नम्बरको भारतीय ट्रकमा पल्टि गरिर हेको अवस्थामा ४० पोकामा बेरिएको अवस्थामा सो परिमाणको गांजा प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार वर्दिवास नगरपालिका १४ मा प्रहरीले चेकजाच गरिरहेको क्रममा वा.प्र.०३, ००१ ख २८३२ नम्बरको मिनी ट्रक नरोकिकन द्रुत गतिमा फरार भएको थियो। सोही क्रममा प्रहरी नायब उपरीक्षक रेवतीरमण पोखरेलको कमाण्डमा खटिएको प्रहरी टोलीले वर्दिबास नगरपालिका-१ मा गांजा पल्टि गरिरहेको अवस्थामा उनीहरूलाई सो परिमाणको गांजा, ट्रकसहित नियन्त्रणमा लिएको थियो। पक्राउ परेको दुवै भारतीय नागरि कलाई आवश्यक कानुनी कारवाहीको लागिजिल्ला अदालत महोत्तरीबाट ८ दिनको म्याद थप गरि प्रहरीले अनुसन्धान गरिरहेको महोत्तरीका प्रहरी प्रवक्ता डीएसपी सन्तुलाल प्रसाद जैसवारले बताएका छन्।

# समकक्षता प्रमाणपत्र दिने अधिकार विश्वविद्यालय अनुदान आयोगलाई दिऔं : मन्त्री चौरसिया



काठमाडौं २३ साउन – कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले विद्यार्थीहरुलाई समकक्षताको प्रमाणपत्र दिने अधिकार विश्वविद्यालय अनुदान आयोगलाई दिनुपर्ने बताएका छन्। बुधवार कानून, न्याय तथा मानव अधिकार समितिको बैठकमा बोल्दै मन्त्री चौरसियाले विद्यार्थीहरुलाई समकक्षताको प्रमाणपत्र दिने अधिकार विश्वविद्यालय अनुदान आयोगलाई दिनु उचित हुने बताए। उनले विश्वविद्यालय अनुदान आयोगलाई सो अधिकार दिदा प्रमाणपत्र दिने काम व्यवस्थित र गुणस्तरिय हुने बताए। उनले देशमा धेरै विश्वविद्यालयहरु स्थापना भइसकेको भन्दै समकक्षता दिने अधिकार त्रिभुवन विश्वविद्यालयलाई दिनुभन्दा विश्वविद्यालयहरुको छाता संगठन विश्वविद्यालय अनुदान आयोगलाई दिनु उपयुक्त हुने बताए। उनले भने, समग्र रुपमा भन्ने हो भने हाम्रो देशको शासन, प्रशासनमा केही न केही कमजोरी छ। त्यसको असर त्यहा पनि पर्दो रहेछ। यस्ता सवालहरुलाई कसरी सजिलो बनाउने, सम्बन्धित पदाधिकारीले समयमै काम गरिदिने व्यवस्था सम्बन्धित मन्त्रालयका पदाधिकारीले नै लिनुपर्छ। कुनै नेताले फोन गरेपछि तुरुन्तै गरिदिने। फोन नगरेसम्म विद्यार्थी दौडिरहने। फाइटमा मान्छे नभेट्टाउने। फोन गर 'पछि तुरुन्त भइहाल्ने। यो देशको शासन प्रशासनको लागि राम्रो काम होइन। जहांसम्म युजिसि( विश्वविद्यालय अनुदान आयोग) लाई समकक्षताको व्यवस्था दिने कि त्रिविलाई दिने भन्ने छ। मलाई लाग्छ, हाम्रो देशमा अन्य धेरै विश्वविद्यालयहरु स्थापित भइसकेको अवस्थामा विश्वविद्यालयहरुको छाता संगठन युजिसिलाई यो अधिकार दिदा अरु व्यवस्थित र गुणस्तरिय हुन्छ भन्ने लाग्छ। मन्त्री चौरसियाले समकक्षताको प्रमाणपत्र लिन विद्यार्थीहरुले धेरै सास्ती व्यहोर्नु परि रहेको भन्दै सहज रुपमा लिनसक्ने वातावरण बनाउनुपर्नेमा जोड दिए।

# राष्ट्रिय परिचयपत्रको फोटो खिच्दा सिन्दूर, टिका र राष्ट्रियता झल्कने पोसाक लगाउन पाइने

काठमाडौं। सिन्दूर पोते र टिका समेत हटाएर फोटो खिच्न लगाइएको भन्दै आलोचना भएपछि पञ्जीकरण विभागले राष्ट्रिय परिचयपत्रको जैविक विवरण लिने र आवश्यक कागजातको सम्बन्धमा रहेका द्विविधा हटाई सेवा प्रवाहलाई सरल, सहज तथा थप प्रभावकारी बनाउन भन्दै सबै जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, राष्ट्रिय परिचयपत्र इकाई रहेका सबै र राष्ट्रिय परिचयपत्र इकाइलाई ४ बुदे निर्देशनसमेत जारी गरेको छ।

१, राष्ट्रिय परिचयपत्रमा विवरण दर्ताका लागि सेवाग्राहीको फोटो खिच्दा स्पष्ट मुखाकृति र दुवै कान देखिने गर ी फोटो खिच्नुपर्नेछ। फोटो खिच्दा सिन्दूर, टिका, राष्ट्रियता झल्कने टोपी, धार्मिक, सांस्कृतिक तथा जातीय पहिचान जनाउने पहिरन लगाउन बाधा पर्ने छैन। २, राष्ट्रिय परिचयपत्रमा विवरण दर्ता गर्दा व्यक्तिले पेस गरेको नागरिकताको प्रमाणपत्र बाहेकको अन्य कागजातहरू राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा स्क्यान गरी प्रविष्ट गर्ने प्रयोजनको लागि सम्भव भएसम्म सकल वा छायाप्रतिमा सम्बन्धित व्यक्तिले सकल बमोजिम नकल ठिक छ भनी प्रमाणित गरेको आधारमा दर्ता प्रक्रिया अगाडी बढाउने। ३, व्यक्तिको नागरिकतामा केही विवर णहरू स्पष्ट नभएको खण्डमा सीआइएमएस नागरिकताको अभिलेखबाट समेत रुजु गरी विवरण दर्ता को व्यवस्था मिलाउने। ४, त्यहा कार्यालयमा अन्य जिल्लाका नागरिकहरूले समेत र ाष्ट्रिय परिचयपत्रको विवरण दर्ता गर्न आवेदन पेस गरेमा विवरण दर्ताको व्यवस्था मिलाउने।

# कांग्रेस–एमाले मिल्दा टीआरसीमा १८ वर्षपछि ब्रेक थुरू : गृहमन्त्री लेखक

काठमाडौं, १३ साउन – नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् गृहमन्त्री रमेश लेखकले कांग्रेस–एमाले मिल्दा संक्रमणकालीन न्याय (टीआरसी) सम्बन्धी कानून निर्माणमा १८ वर्षपछि ब्रेक थ्रू हुने स्थिति बनेको बताएका छन्।

उनले १८ वर्षदेखि पूरा हुन नसकेका र ९ वर्षदेखि कानून नै बन्न नसकेको विषयलाई समाधानको बाटोमा अघि बढाउन सफल भएको बताए। बुधबार कांग्रेस केन्द्रीय कार्य समितिको बैठकमा पछिल्लो सरकार गठन र काम कारबाहीका विषयमा ब्रिफिङ गर्दै गृहमन्त्री लेखकले संक्रमणकालीन न्यायसम्बन्धी विषयलाई निष्कर्षतर्फ अघि बढाउनु वर्तमान सरकारको पहिलो सफलता भएको दाबी गरे।

यो गठबन्धन बनेपछि सकारात्मक परि णामहरु देखिन थालिसकेका छन्। हामीले संक्रमणकालीन न्याय सम्बन्धी विषयमा टुंगिन बांकी रहेको बेपत्ता पारि एकाहरुको छानविन र सत्य निरुपण तथा मेलमिलाप आयोगको ऐनलाई संशोधन गर्ने विधेयकमा ऐतिहासिक ब्रेक थ्रु गरेका छौं। ठूला राजनीतिक दलहरु मिल्दा मुलुकमा बलियो सर कार हुदा त्यसले जुन आत्मविश्वास बढाउछ, जुन वातावरण निर्माण गर्छ। यो त्यसकै प्रतिफल हो, गृहमन्त्री लेखकले भने, १८ वर्षदेखि पूरा हुन नसकेका र ९ वर्षदेखि कानून नै बन्न नसकेको विषयलाई पनि हामीले थोर ै दिनमै ब्रेक थ्रु गरेका छौं। गृहमन्त्री लेखकले संविधान जारी भएको ९ वर्ष व्यतिसकेको अवस्थामा संविधानको अभ्यास गर्दा देखिएका कतिपय समस्याहरुलाई लिएर संविधान संशोधनको आवश्यकता देखिएको बताए। कांग्रेस र एमालेको समीकरण बनेपछि सकारात्मक प्रभाव र परिणाम देखिएको गृहमन्त्री लेखकको दाबी थियो।

बैठकमा गृहमन्त्री लेखकले कांग्रेस र एमालेबीच भएको सात बुदे सहमति पढेर सुनाएका थिए।

राष्ट्रिय स्वार्थको सुरक्षा गर्ने, स्थिर सरकार दिने, शिथिल र हेको अर्थतन्त्रलाई चलायमान बनाउने,विकास निर्माणका कामलाई द्रुत गतिमा अगाडि बढाउने, भ्रष्टचार नियन्त्र गरी सुशासन कायम गर्ने, विधिको शासन स्थापित गर्ने, देशभित्र र बाहिरको लगानीको वातावरण बनाएर मुलुकमा मर्यादित रोजगार ीको व्यवस्था गर्ने लगायतका सम्भावना छन्, लेखकले बैठकमा भनेका थिए।

# भारतीय विदेश सचिव मिस्री नेपाल आउदै



काठमाडौं,२३ साउन। भारतका विदेश सचिव विक्रम मिस्री आइतबार नेपाल भ्रमणमा आउने भएका छन्। परराष्ट्र सचिव सेवा लम्सालको निमन्त्रणामा उनी नेपाल आउन लागेका हुन्।

सचिव लम्साल भारत भ्रमणमा गएको बेला भारतीय सचिव मिस्रीलाई नेपाल भ्रमणको निमन्त्रणा दिएकी थिइन्। भारतीय दूतावास स्रोतले भन्यो, हालसम्म आउने यकिन नै छ, तर बंगलादेशको घटनाक्रमले केही तलमाथि भयो भने भ्रमण स्थगित हुनसक्छ। हालसम्म हेर्दा आउने देखिएको छ। सचिव मिस्रीको परिचयात्मक भ्रमण हुने बताइएको छ। जुलाईमा भारतको विदेश सचिवमा नियुक्त भएका मिस्रीले हालै भुटानको भ्रमण गरिसकेका छन्। भ्रमणको क्रममा उनले नेपालका र ाष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी शर्मा ओली, परराष्ट्रमन्त्री आर जु राणा देउवालगायत शीर्ष नेताहरूसाग भेटघाट गर्ने कार्यक्रम र हेको बताइको छ।विनयमोहन क्वात्राले अवकाश पाएपछि गत जुलाई १५ मा मिस्री विदेश सचिव बनेका थिए।सचिव मिस्रीलाई चीनको जानकार मानिन्छ। उनले भारतका प्रधानमन्त्री इन्द्रकुमार गुजराल, मनमोहन सिंह र नरेन्द्र मोदीको निजी सचिवालयमा समेत काम गरिसकेका छन्।

# मनसुनी विपद्मा हालसम्म १६७ जनाको मृत्यु, ५० जना बेपत्ता

**काठमाडौं ,२३ साउन-** यसवर्षको मनसुनी विपद्मा परी गत जेठ २८ देखि बुधबारसम्म १ सय ६७ जनाको मृत्यु भएको छ। विपद्मा परी ५० जना बेपत्ता भएका छन् भने ४ हजार २ सय ७२ परिवार विस्थापित भएका छन्। गत जेठ २८ गते अविरल वर्षाको कारण देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपद्रुमा परी काठमाडौं उपत्यकामा ३ जना, कोशी प्रदेशमा २५ जना, मधेश प्रदेशमा ६ जना र बागमती प्रदेशमा ३० जनाको मृत्यु भएको छ। त्यस्तै, गण्डकी प्रदेशमा ५२ जना, लुम्बिनी प्रदेशमा ३३ जना, कर्णाली प्रदेशमा ८ जना र सुदूर पश्चिम प्रदेशमा १० जनाको मृत्यु भएको छ।त्यस्तै, काठमाडौं उपत्यकामा ११ जना, कोशी प्रदेशमा ३७ जना, मधेश प्रदेशमा १० जना, बागमती प्रदेशमा १९ जना, गण्डकी प्रदेशमा ४४ जना, लुम्बिनी प्रदेशमा १३ सुदूरपश्चिम प्रदेशमा १४ जना गरी जम्मा १ सय ९९ जना घाइते भए। उनीहरुको स्थानीय अस्पतालहरु उपचार भएको छ। विपद्का कारण कोशी प्रदेशमा २ जना, बागमती प्रदेशमा ४२ जना, गण्डकी प्रदेशमा ४ जना, कर्णाली प्रदेशमा १ जना र सुदूर पश्चिम प्रदेशमा १ जना गरी ५० जना बेपत्ता भएका छन्। उनीहरुको खोजी



बाढीका कारण जम्मा ३ सय ८४ घर डुबानमा परेका छन्। २ सय ६८ वटा घर, १ सय वटा गोठ, ४३ वटा पुल, २ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ। त्यस्तै, ७ सय ६३ वटा पशु चौपायको मृत्यु भएको छ भने उक्त अवधिमा विपद्रुका घटनाबाट ४ हजार २ सय ७२ घर परि वार विस्थापित भएका छन्।

# हेलिकप्टर दुर्घटनाको छानबिन गर्न तीन सदस्यीय छानबिन समिति गठन

काठमाडौं,२३ साउन। बुधबार भएको हेलिकप्टर दुर्घटनाको छानबिन गर्न सरकारले तीन सदस्यीय छानबिन समिति गठन गरेको छ।

बुधबार आकस्मिक बसेको मन्त्रिपरि षद् बैठकले तीन सदस्यीय छानबिन समिति गठन गर्ने निर्णय गरेको छ। नेपाली सेनाका वरिष्ठ पाइलट सुवास थापाको नेतृत्वमा छानबिन समिति गठन गरिएको सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले जानकारी दिए। उनका अनुसार छानबिन समितिको सदस्यहरूमा एरोनोटिकल इन्जिनियर हरु विष्णु बस्नेत र तनुजा पोखरेल र हेका छन्। समितिलाई प्रतिवेदन तयार गर्न ३० दिनको कार्यादेश दिइएको छ। बुधबार नुवाकोटको शिवपुरीमा एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना हादा